नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२००३०४

पत्र सं. :- २०७९/२०८०

चलानी नं.:- १८५

मितिः २०७९/०७/१५

श्री स्थानीय तह (सबै)

विषयः- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सम्बन्धमा।

प्रस्तुत विषयमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ बमोजिम आ.व. २०७७/७८ को स्वमूल्याङ्कन सम्पन्न गरी अनलाइन प्रणालीमा नतिजा प्रविष्टी गर्ने स्थानीय तहहरुको नतिजाको नमुना (Piloting) गुणस्तर परीक्षण सम्पन्न भइसकेको छ । सो सन्दर्भमा स्थानीय तहको स्वमूल्याङ्कनबाट प्राप्त अङ्क र गुणस्तर परीक्षण गर्दा केही मात्र स्थानीय तहको अङ्कमा कुनै अन्तर नआएको, केही स्थानीय तहको अङ्क प्रणालीमा प्रविष्टी गरेको अङ्कभन्दा बढी आएको र अधिकांश स्थानीय तहको अङ्कमा ठूलो अन्तर देखिएको छ । यसो हुनुमा प्रमुख रुपमा देहायका कारणहरु जिम्मेवार देखिन्छन् :

- सूचकले माग गरेका आवश्यक प्रमाणीकरणका आधार सम्बन्धी कागजात Upload नभएको,
- पेश गर्नुपर्ने भनी तोकिएभन्दा भिन्न कागजात Upload भएको,
- आवश्यक सबै कागज/प्रमाण नराखी आंशिक कागज/प्रमाणमात्र Upload गरिएको,
- स्वमूल्याङ्कनको कार्य सहभागितामूलक हुन नसक्दा सूचकमा प्राप्त अङ्क वास्तविक र वस्तुगत हुन नसकेको ।

संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ बमोजिम सबै स्थानीय तहले आ.व. २०७८/७९ को संस्थागत क्षमताको स्वमूल्याङ्कनको कार्य २०७९ पौष मसान्तसम्म SYSTEM मार्फत नतिजा सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ । आ.व. २०७८/०७९ को संस्थागत स्वमूल्याङ्कन गर्ने सन्दर्भमा देहायबमोजिम गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

१. गत आ.व. २०७८/७९ को संस्थागत स्वमूल्याङ्कन गर्दा उपर्युक्त पृष्ठपोषण तथा सिकाइका आधारमा स्वमूल्याङ्कन कार्यलाई थप वस्तुनिष्ठ र विश्वसनीय बनाउने ।

२. संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ बमोजिम स्थानीय तहले पौष मसान्तसम्म संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था भए बमोजिम २०७९ पौष मसान्तसम्म अनिवार्य रुपमा संस्थागत स्वमूल्याङ्कनको कार्य सम्पन्न गरी नतिजा सार्वजनिक गर्ने ।

३. स्वमूल्याङ्कन कार्य सम्पन्न गर्दा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रदेश सुशासन केन्द्र तथा जिल्ला समन्वय समितिसँग समन्वय गर्ने ।

२०७९।७।१५

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थः

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः- प्रदेश सुशासन केन्द्र मार्फत आवश्यक समन्वय तथा सहजीकरण गर्नुहुन।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै):- आवश्यक समन्वय तथा सहजीकरणको लागि अनुरोध छ ।

श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनुहुन ।